# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार १० गते २०५५ साल (अतिरिक्तांक २३

## भाग २

**श्री ५ को सरकार**

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. १

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संचार सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : संचार सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "संचार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय समाचार समिति ऐन, २०१९ मा संशोधन : राष्ट्रिय समाचार समिति ऐन, २०१९ को,-

(१) दफा २ को खण्ड (ज) मा रहेको "नियमहरुमा" भन्ने शब्दको सट्टा "नियम वा विनियमहरुमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ४ को उपदफा (२) मा रहेका "कम्तीमा २५ प्रतिशत" भन्ने शब्दहरुको सट्टा "बढीमा पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १८ को खण्ड (क) मा रहेका "दशलाख रुपैयाँभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "एक करोड रुपैयाँभन्दा बढी" भन्ने शब्दहरु राखिएका छन् ।

३. गोरखापत्र संस्थान ऐन, २०१९ मा संशोधन : गोरखापत्र संस्थान ऐन, २०१९ को,-

११०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) दफा ४ को उपदफा (२) मा रहेका "कम्तीमा पच्चीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "बढीमा पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १८ को खण्ड (क) मा रहेका "दशलाख रुपैयाँभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "एक करोड रुपैयाँभन्दा बढी" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा संशोधन</u> : चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन २०२६ को,-

(१) दफा १० को सट्टा देहायको दफा १० राखिएकोछ :-

"१०. <u>टिकटदर र श्रेणी</u> : चलचित्र घरहरुमा कायम गरिने विभिन्न श्रेणी र टिकटदर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

(२) दफा १० पछि देहायको दफा १०क. थपिएकोछ :-

"१०क. <u>चलचित्र विकास बोर्डको गठन</u> : (१) श्री ५ को सरकारले चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनको लागि सो क्षेत्रसंग सम्बन्धित व्यक्ति वा संस्थाबाट समेत प्रतिनिधित्व हुने गरी एक चलचित्र विकास बोर्डको गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने चलचित्र विकास बोर्डको गठनविधि एवं अन्य कार्यहरू तोकिए बमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ११ को उपदफा (२) मा रहेको "अधिकार" भन्ने शब्द पछि "दफा १०क. बमोजिम गठित बोर्ड वा" भन्ने शब्दहरु थपिएका छन् ।

लालमोहर सदर मितिः २०५५।३।१०।४

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।